**खुम्बु पासाङल्हामु गाउँपालिकाका**
**सोलुखुम्बु जिल्ला**
**प्रदेश नं. १**
**नेपाल**

# खुम्बु पासाङल्हामु गाउँपालिकाको सामुदायिक अस्पताल सञ्चालन कार्यविधि २०७९

**प्रस्तावना :** स्थानीय तह स्तरको स्वास्थ्य सेवामा प्रबर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा अनुसन्धानात्मक स्वास्थ्य सेवाको व्यवस्थापन गर्न, खुम्बु पासाङल्हामु गाउँपालिका मातहत संचालित सामुदायिक अस्पतालहरुको कामकारवाही गुणस्तरीय, चुस्त, दुरुस्त बनाई प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउन सामुदायिक अस्पताल सञ्चालन कार्यविधि बनाउन वाञ्छनीय भएकाले, खुम्बु पासङल्हामु गाउँपालिका स्थानीय स्वास्थ्य एवं सरसफाई ऐन, २०७६ को नियम ३७ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ञ (१) बमोजिम यो सामुदायिक अस्पताल सञ्चालन कार्यविधि, २०७९ पारित गरी लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम “सामुदायिक अस्पताल सञ्चालन कार्यविधि, २०७९” रहेको छ ।

(२) यो कार्यविधि खुम्बु पासाङल्हामु गाउँपालिका भित्र लागू हुनेछ ।

(३) यो कार्यविधि गाउँ कार्यपालिकाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “अस्पताल” भन्नाले नेपाल सरकारबाट खुम्बु पासाङल्हामु गाउँपालिकामातहत रहने भनी तोकी आएका,खुम्बु पासाङल्हामु गाउँपालिका मातहत रहेका दातृ निकायको सहयोग र समुदायको नाफा रहित लगानीमा सञ्चालनमा आउने अस्पतालहरु समेतलाई सम्झनु पर्छ ।

(ख) “समिति” भन्नाले दफा ३ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(ग) ”व्यवस्थापन समिति” भन्नाले खरिखोला सामुदायिक अस्पताल सञ्चालन र व्यवस्थापन गर्न दफा ४ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिका सम्झनु पर्छ ।

(ङ) "अध्यक्ष" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाका अध्यक्ष सम्झनु पर्छ ।

(च) “ अस्पतालको कोष” भन्नाले दफा ७ बमोजिमको कोष सम्झनु पर्छ ।

(छ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस कार्यविधि अन्तर्गत गठन समितिको कार्यकारी आदेश वा निर्णय लाई सम्झनु पर्छ ।

**३. गाउँ स्वास्थ्य समितिको गठन :**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने स्वास्थ्य संस्थाअरूको व्यवस्थापन र सञ्चालनको रेखदेख एवं अनुगमन गर्ने कामका लागि देहाय बमोजिम गाउँ स्वास्थ्य समिति गठन हुनेछ,

| | |
|---|---|
| (क) खुम्बु पासाङल्हामु गाउँपालिकाको गाउँपालिकाको अध्यक्ष | -अध्यक्ष |
| (ख) खुम्बु पासाङल्हामु गाउँपालिकाको उपाध्यक्ष | -सदस्य |
| (ग) खुम्बु पासाङल्हामु गाउँपालिकाको सामाजिक विकास समिति संयोजक | -सदस्य |
| (घ) खुम्बु पासाङल्हामु गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (ङ) स्वास्थ्य वा सामाजिक क्षेत्रमा उल्लेखनीय योगदान पुर्याएको स्थानीय प्रतिष्ठित व्यक्तिहरु मध्येबाट गाउँपालिकाको अध्यक्षबाट मनोनयन गरिएका व्यक्ति एकजना | -सदस्य |
| (च) सम्बन्धित वडाका वडाध्यक्ष वा वडा सदस्यमध्येबाट अध्यक्षले मनोनयन गरेको सदस्य एकजना | -सदस्य |
| (छ) सम्बन्धित वडा भित्र रहेका सामुदायिक विद्यालयका प्र.अ, सामाजिक संघ संस्थाका अध्यक्ष वा प्रमुख मध्ये बाट अध्यक्षले मनोनयन गरेको एकजना महिला सहित सदस्य दुईजना | -सदस्य |
| (ज) खरिखोला सामुदायिक अस्पतालको प्रमुख मेडिकल अधिकृत | -सदस्य |
| (झ) खरिखोला सामुदायिक अस्पतालको प्रशासकीय प्रमुख | -सदस्य |
| (ञ) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख | -सदस्य सचिव |

(२) देहायको व्यक्ति अस्पताल व्यवस्थापन समितिको अध्यक्ष वा सदस्य पदमा नियुक्तिका लागि अयोग्य हुनेछ:-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरी सजाय पाएको,

खुम्बुपासाङल्हामु गाउँपालिका

(ख) नेपाल सरकार, प्रदेश सरकार, यस गाउँपालिका वा अन्तर्गतको कुनै संगठित संस्था वा अन्य स्थानीय तहसँग सम्बन्धित कुनै वेरुजु तथा वाँकी वक्यौता भएको ।

(ग) कालोसूचीमा परेको,

(४) समितिका पदाधिकारीहरुको पदावधि पाँच वर्षको हुनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस समितिका मनोनित पदाधिकारीहरुले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा अस्पतालको हित विपरीत कुनै काम गरेको प्रमाणित भएमा गाउँपालिकाले निर्णय गरी निजलाई जुनसुकै बखत जिम्मेवारीबाट मुक्त गर्न सक्नेछ । तर त्यसरी जिम्मेवारी मुक्त गर्नु अघि सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

खुम्बुपासाङल्हामु गाउँपालिका

**४. समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) अस्पताल सन्चालनका लागि आवश्यक स्रोत–साधन व्वस्थापन गरी अस्पतालबाट प्रदान गरिने सेवाहरुलाई गुणस्तरीय र प्रभावकारी बनाउने,

(ख) अस्पतालबाट प्रदान गरिने सेवा सुविधाहरुलाई सहज, व्यवस्थित र सर्वसुलभ बनाउने तथा अस्पतालको कारोवारलाई पारदर्शी बनाउने ,

(ग) अस्पताल सञ्चालनका लागि आवश्यक जनशक्ति व्यवस्थापन तथा प्रभावकारी परिचालन गर्ने,

(ग) अस्पताललाई प्रभावकारी रुपमा सञ्चालन र व्यवस्थापन गर्न निर्देशन दिने,

(घ) अस्पतालको लागि अल्पकालिन तथा दीर्घकालिन योजना तर्जुमा गर्ने, गराउने,

(ङ) अस्पतालको दीर्घकालीन योजना तथा वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिका लागि गाउँपालिकामा पेश गर्ने,

(च) अस्पतालको सेवा शुल्क स्वीकृति गरी कार्यान्वयन गर्ने, गराउने,

(छ) अस्पतालको चल अचल सम्पत्तिको संरक्षण, सम्बर्ध्दन, मर्मत–सम्भार तथा विकास गर्ने गराउने,

(ज) अस्पतालबाट प्रदान गरिएका सेवा सुविधाहरुको नियमित अनुगमन, मूल्यांकन र पृष्ठपोषण गर्ने,

(झ) अस्पताल मार्फत तोकिएको ढाँचामा मासिक रुपमा प्रतिवेदन तयार पारी गाउँपालिकामा र आवश्यकता अनुसार मन्त्रालयहरु तथा अन्य निकायहरुमा पेश गर्ने,

(ञ) खरिखोला सामुदायिक अस्पताल सञ्चालनमा सहयोग पुर्याउने दातृ संस्थासँग साझेदारी, सहकार्य र समन्वयमा अस्पतालका भौतिक (स्वास्थ्य उपकरणहरु), आर्थिक तथा जनशक्तिको विकास र व्यवस्थापनमा सहयोग गर्ने ।

(ट) लक्षित वर्गलाई यस कार्यविधि बमोजिम सुलभ उपचारको प्रभावकारी व्यवस्था मिलाउने,

(ठ) यस कार्यविधि बमोजिमका अन्य कार्यहरु  गर्ने गराउने ।

**५. समितिको बैठक सम्बन्धी व्यवस्था :–**

१) समितिको बैठक अध्यक्षले आवश्यक ठानेमा जुन सुकै समयमा बस्नेछ ।

(२) समितिको बैठक बस्नुभन्दा सामान्यतया अठ्चालीस घण्टा अगावै सदस्य सचिवले बैठकका एजेण्डा सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(३) समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा अध्यक्षले तोकेको सदस्यले गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ तर मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नु पर्नेछ ।

खुङ्खुवासाङ्ल्लामुगाउँपालिका

(७) समितिले आवश्यक देखेमा गाउँपालिकाका कुनै पदाधिकारी, अधिकृत वा सम्बन्धित क्षेत्रको कुनै विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिका पदाधिकारीहरुले बैठक भत्ता पाउने छैन ।

(९) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गर्न सक्नेछ ।

**६. सामुदायिक अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः -**

१. हाललाई खरिखोला सामुदायिक अस्पताललाई सञ्चालन तथा व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको खरिखोला सामुदायिक अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति गठन गरिनेछ ।

क) गाउँपालिकाको अध्यक्षले गाउँ कार्यपालिकाका सदस्यहरु मध्येबाट मनोनित एक जना - अध्यक्ष

ख) सम्बन्धित वडा समितिले आफू मध्येबाट छनौट गरी पठाएको एक जना सदस्य -सदस्य

ग) खरिखोला सामुदायिक अस्पताल सञ्चालन गर्न महत्वपूर्ण सहयोग गर्न स्थानीय लब्ध प्रतिष्ठित व्यक्तिहरु मध्ये एक महिला सहित अध्यक्षले मनोनित गरेको व्यक्ति २ जना सदस्य -सदस्य

घ) खरिखोला सामुदायिक अस्पतालमा कार्यरत प्रमुख मेडिकल अधिकृत एकजना -सदस्य

ङ) खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं १ भित्रका सामुदायिक विद्यालयका प्र.अ मध्ये बाट १ जना -सदस्य

च) खरिखोला सामुदायिक अस्पताललाई सहयोग गर्ने एक्सन खरिखोला स्वीटजरल्याण्ड संस्थाको तर्फबाट एकजना -सदस्य

छ) खरिखोला सामुदायिक अस्पतालको व्यवस्थापन तथा प्रशासन सञ्चालन गर्ने जिम्मेवारी पाएको प्रशासकीय प्रमुख -सदस्य सचिव

२. खरिखोला सामुदायिक अस्पतालको सञ्चालन र व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ ।

क) अस्पताल सञ्चालन गर्न प्राप्त श्रोत साधन र जनशक्तिको व्यवस्थापन गरी अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउने ।

ख) यस कार्यविधिको दफा ३ मा गठित समिति तथा अध्यक्षले दिएको निर्देशनमा रही अस्पतालबाट प्रदान गरिने सेवाहरुको अनुगमन निरीक्षण गर्ने ।

ग) अस्पतालबाट प्रदान गरिने सेवा सुविधाहरुलाई सबै नागरिकको सहज पहुँचमा पुर्याउन र सर्व सुलभ बनाउन वातावरण निर्माण गर्ने ।

घ) अस्पतालको आम्दानी र कारोवारलाई पारदर्शी र व्यवस्थित बनाउने ।

ङ) अस्पतालको आपतकालीन सेवालाई प्रभावकारी र व्यवस्थित बनाउने ।

च) अस्पतालको विकास र बिस्तार गर्न अल्पकालीन तथा दीर्घकालीन योजना बनाई दफा ३ अनुसार गठित समिति समक्ष पेश गर्ने ।

छ) अस्पतालले लिने सेवा शुल्कको विवरण तयार गरी दफा ३ को समितिबाट स्वीकृत गराई लागु गर्ने ।

ज) अस्पतालको चल अचल सम्पत्तिको अभिलेख राख्ने, राख्न लगाउने र मर्मत सम्भारको कार्य गर्ने ।

झ) यस समितिलाई प्रदान गरिएको काम कर्तव्य र अधिकार भित्र रहेर अस्पताल र विरामीको सेवा सुविधा व्यवस्थित गर्न गैर सरकारी संघ संस्थासंग सहकार्य र सहयोग आदान प्रदान गर्ने वातावरण वनाउने ।

ञ) अस्पतालमा कार्यरत कर्मचारीले पटक पटक नियम विपरीतका काम गरेको पाइएमा उनीहरुको कारवाहीको विवरण खोली दफा ३ बमोजिमको समितिमा पेश गर्ने ।

खुम्बु पासाङल्हामु गाउँपालिका

**७. खरिखोला सामुदायिक अस्पतालमा काम गर्ने कर्मचारीहरुले पालना गर्नुपर्ने आचरणहरु देहाय बमोजिम हुनेछ ।**

क) अस्पतालमा काम गर्ने डाक्टर, नर्स लगायतका प्राविधिक कर्मचारी तथा अन्य प्रशासनमा काम गर्ने कर्मचारीले समय पालन र नियमिततालाई अनिवार्य पालना गर्नु पर्दछ ।

ख) अस्पतालमा कार्यरत कर्मचारीले मादक पदार्थ तथा धुम्रपान सेवन गर्न हुँदैन ।

ग) कर्मचारीले सेवाग्राहीलाई सेवा प्रदान गर्दा मुस्कान सहितको सेवा दिनु पर्दछ ।

घ) सबै सेवाग्राहीहरुलाई समान व्यवहार प्रदर्शन गर्नु पर्दछ।

ङ) अस्पतालमा कार्यरत सम्पूर्ण कर्मचारीले बिदामा बस्दा अधिकार प्राप्त व्यक्तिसँग बिदा स्वीकृत गराएर मात्र बिदामा बस्नु पर्दछ ।

च) अस्पतालको प्रमुख मेडिकल अधिकृत वा मेडिकल अधिकृतले र प्रशासन प्रमुखले बिदामा बस्नुपर्ने अवस्था आएमा अस्पतालको सञ्चालन तथा व्यवस्थापन समितिबाट बिदा स्वीकृत गराएर मात्र बिदामा बस्नु पर्दछ । निजहरुले बिदाको विवरण उतार गरी गाउँपालिकामा पेश गर्नु पर्दछ ।

छ) कार्यालय प्रमुख र प्रशासन प्रमुखले कार्यालयको कामको सिलसिलामा र बिदामा बस्दा आफू मतहतको सबैभन्दा वरिष्ठ कर्मचारीलाई निमित्त दिएर मात्र कार्यालय छोड्नु पर्दछ ।

ज) करार सेवामा कार्यरत कर्मचारीले गाउँपालिका तथा अस्पताल व्यवस्थापन समितिसँग सेवा करार गर्दा उल्लेख गरिएको विषयहरुलाई अनिवार्य पालना गर्नु पर्दछ ।

झ) कर्मचारीले अस्पताल, कर्मचारी बीच आफ्नो स्वार्थ पूरा गर्ने उद्देश्यले कुनै प्रकारका गतिविधि सञ्चालन गर्न पाइने छैन ।

ञ) हरेक कर्मचारीले आफू भन्दा माथिल्लो दर्जाका कर्मचारीलाई मर्यादित र सम्मानपूर्वक व्यवहार प्रदर्शन गर्नु पर्दछ ।

**८. सचेत गराउने, कार्वाही गर्ने र सेवावाट बर्खास्त गर्ने वा हटाउने**

क) करार सेवामा नियुक्ति भएका कर्मचारीले यस कार्यविधिमा उल्लेख गरिएका आचरण तथा प्रचलित कानून विपरीतको काम गरेको पाइएमा कार्यालय प्रमुख र प्रशासन प्रमुख बाहेक अन्य कर्मचारीको हकमा अस्पताल प्रशासनले कारवाहीकालागि अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिमा कारवाहीका लागि लेखि पठाउनु पर्नेछ । त्यसको जानकारी गाउँपालिकालाई गराउनु पर्नेछ ।

ख) कार्यालय प्रमुख र प्रशासन प्रमुखले यस कार्यविधिमा उल्लेख भएका आचरण तथा कानून विपरीत कार्य गरेमा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिले तत्काल कारवाहीका लागि गाउँपालिका समक्ष पेश गर्नु पर्दछ ।

ग) गाउँपालिकाले अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिले पेश गरेको कागजातको अध्ययन गरी तत्काल सचेत गराउन वा सेवावाट बर्खास्त गर्ने सम्मको कारवाही गर्नेछ ।

घ) गाउँपालिकाको स्वीकृत दरबन्दीमा रही अस्पतालमा काजमा कामकाज गर्ने कर्मचारीहरुले यस कार्यविधि तथा प्रचलित कानून विपरीत कार्य गरेको पाइएमा गाउँपालिकाले स्पष्टीकरण सोध्ने, चित्त बुझ्दो स्पष्टीकरण नदिएमा स्थायी कर्मचारी भए अन्यत्र सरुवा गर्ने, करार सेवामा कार्यरत भए सेवाबाट बर्खास्त गर्नेछ ।

**९. जनशक्ति सम्बन्धी व्यवस्था :** (१) समितिले अस्पतालमा थप सेवा बिस्तार तथा गुणस्तर अभिवृध्दि गर्नको लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी गाउँपालिकाले स्वीकृत गरे पश्चात् अस्पतालको लागि आवश्यक

खुम्बुपासाङल्हामु गाउँपालिका

प्राविधिक तथा प्रशासनिक पद सृजना गरी गाउँपालिका, साझेदार संस्था र आफ्नै स्रोतबाट तोकिएको सुविधा दिने गरी प्रचलित ऐन कानून बमोजिम आवश्यक जनशक्ति करारमा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम करारमा नियुक्ति हुने प्राविधिक तथा प्रशासनिक कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा करार सम्झौतामा तोकिए बमोजिम हुनेछ ।

**१०. अस्पतालको कोष :**

(१) अस्पतालको आफ्नो एउटा छुट्टै कोष रहनेछ ।

(२) अस्पतालको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :

(क) गाउँपालिकाबाट अस्पताल सञ्चालनको लागि अस्पताल व्यवस्थापन समितिको नाममा प्राप्त हुने अनुदानको रकम,

(ख) एक्शन खरीदोलाबाट अस्पताल सञ्चालन तथा व्यवस्थापनका लागि प्राप्त अनुदानको रकम

(ग) अस्पतालले सेवा प्रदान गरे बापत प्राप्त हुने स्वीकृत सेवा शुल्क,

(घ) विद्युत महसुल बाट प्राप्त रकम

(ङ) अन्य दातृ निकाय वा दाताहरुबाट प्राप्त हुने रकम,

(३) विदेशी सरकार, संघ संस्था वा व्यक्तिबाट रकम प्राप्त गर्नको लागि प्रचलित कानून बमोजिम गाउँपालिकाको अनुमति लिनुपर्नेछ ।

(४) अस्पतालको खाता कुनै वाणिज्य बैंकमा खोली सञ्चालन गरिनेछ ।

(५) अस्पतालको खाता अस्पतालको मेडिकल सुपरिटेण्डेन्ट वा अस्पताल अध्यक्ष र अस्पतालका लेखा/ प्रशासन प्रमुख तथा व्यवस्थापन समितिको अध्यक्ष मध्ये कुनै दुई जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(६) कोषको रकम समितिको बैठकको निर्णय अनुसार खर्च गरिनेछ । तत्काल बैठक बस्न सम्भव नभएमा अध्यक्षको स्वीकृतिमा खर्च लेखी समितिको बैठकबाट अनुमोदन गरिनेछ ।

(७) समितिको कोषमा जम्मा हुन आउने रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि मात्र खर्च गर्नु पर्नेछ ।

**११. सम्पत्ति र कोषको व्यवस्थापन:** यस कार्यविधि बमोजिम अस्पतालको विकास, आर्थिक र भौतिक व्यवस्थापन यसै कार्यविधि बमोजिम गठन हुने अस्पताल व्यवस्थापन समितिले गर्नेछ ।

९. लेखा र लेखापरीक्षण : (१) समितिको आय व्ययको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचा बमोजिम राख्नु पर्नेछ ।

(२) कोषको आन्तरिक लेखापरीक्षण दर्तावाल लेखापरिक्षकबाट गराउनुपर्नेछ ।

(३) गाउँपालिकाले जुनसुकै बखत समितिको हिसाब किताब माग गर्न र जाँच्न वा जँचाउन सक्नेछ ।

**१२. अधिकार प्रत्यायोजन :** समितिले आफूलाई प्राप्त अधिकारहरुमध्ये दफा ४ को खण्ड (ङ) बमोजिमको अस्पतालको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने तथा खण्ड (च) बमोजिमको अस्पतालको सेवा शुल्क प्रस्ताव

गरी स्वीकृतिका लागि गाउँपालिका पेश गर्ने बाहेक अन्य अधिकार आवश्यकता अनुसार अस्पताल व्यवस्थापन समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३. **निर्देशन दिने** : गाउँपालिकाले समितिको काम कारवाहीका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१४. **अन्य निकाय संगको सम्पर्क** : समितिले नेपाल सरकार, प्रदेश सरकार वा अन्य कुनै संघ संस्था वा निकाय संग सम्पर्क राख्दा गाउँपालिका मार्फत् राख्नु पर्नेछ ।

खुम्बुपासाङल्हामु गाउँपालिका